केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : bfird@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : “रावा”
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३५/०६५/६६ मिति : २०६५/१२/०२

**सम्पूर्ण इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

**विषय : परिपत्र ३२/०६५/६६ को वुदां नं. २ मा भएको व्यस्थालाई संशोधन गरिएको सम्बन्धमा।**

महाशय,

यस बैंकवाट प.सं.बै.वि.नि.वि./नीति/परिपत्र/३२/०६५/६६ मिति २०६५/११/०६ मा जारी परिपत्रको वुदां नं. २ मा भएको “*यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाहरुको संस्थापक शेयरमा कारवाहीमा परेका व्यक्ति र निजको एकाघर परिवारले लगानी गरेको अवस्थामा त्यस्तो संस्थापक शेयरहरु जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने।*” भन्ने व्यवस्थालाई निम्न बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

“यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाहरुको साधारण शेयर तथा संस्थापक शेयरमा कारवाहीमा परेका व्यक्ति र निजको एकाघर परिवारले लगानी गरेको अवस्थामा त्यस्ता साधारण/संस्थापक शेयरहरु जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने।”

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय।
२. श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग :- जानकारी एवं आवश्यक कार्यार्थ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
७. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
९. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं।
१०. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।